सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त तथा जनतान्त्रिक विद्यार्थी एकजुट होऔं !

# अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)

## All Nepal National Independent Students' Union (Revolutionary)

### उपत्यका क्षेत्रीय समन्वय समिति

प.सं./च.नं.

## प्रेस विज्ञप्ति

भारतसँगको सन् १९५० को असमान सन्धिपश्चात हाम्रो देश हालसम्म भारतीय उत्पीडनको शिकार भइरहेको छ । नेपालको सत्ता सञ्चालन गर्ने दलाल शासकहरुका कारण भारतीय हस्तक्षेप झनझन् बढिरहेको कुरा सर्बदितै छ । साम्राज्यवादको नोकर, भ्रष्ट, दलाल, राष्ट्रघाती केपी ओली नेतृत्वको सरकारका कारण देशका सिमानामा गाडिएका जंगे पिल्लरहरु ढलिरहेका छन्, सिमाना खुम्चिरहेको छ । अमेरिकी एमसीसीजस्ता राष्ट्रघाती सम्झौताहरु लागु गर्ने र देशलाई अमेरिकी सेनाको परेड खेल्ने रणभूमि बनाउने षड्यन्त्रहरु भइरहेका छन् ।

कोरोना महामारीका कारण बिश्व लकडाउनमा रहेको मौका छोपी नेपालको लिपुलेक, कालापानी क्षेत्रमाथि भारतीय साम्राज्यवादद्वारा नेपालको राष्ट्रिय स्वाधिनतामाथिको हस्तक्षेपलाई अरु बढाएको छ । गत कार्तिक महिनामा भारतद्वारा लिपुलेकको ३७२ वर्ग किलोमिटर सीमा अतिक्रमण गरेपछि नेपालका सबै देशभक्त तथा राष्ट्रवादीहरु आन्दोलित भइरहेको बेला फेरि भारतीय शासक बर्गले मानसरोबर जोड्ने सडक निर्माण गरी उद्घाटन गरेको छ । भारतका रक्षामन्त्री राजनाथ सिंहले शुक्रबार भिडियो कन्फ्रेन्समार्फत उक्त सडकको उद्घाटन गरेका छन । यो नेपालको राष्ट्रिय स्वाधिनता, भौगोलिक अखण्डता र सार्बभौम सत्तामाथिको नांगो हस्तक्षेप हो । भारतले आफ्नो भूमिमा सडक निर्माण गरिसक्दा पनि नेपाली दलाल शासकहरुले आफूलाई थाहै नभएको भन्दै निर्लज्जता प्रदर्शन गरिरहेका छन । भारतीय अतिक्रमणका विरुद्ध चौतर्फि जनदवाव बढन थालेपछि परराष्ट्र मन्त्रालयमार्फत हस्ताक्षरबिनाको काइते विज्ञप्ति निकालेर झारा टार्ने काम भएको छ । यसले नेपाली शाकहरुको असली हैसियत देखाएको छ । नागरिकहरु लकडाउनलाई तोडेर सडकमा आइसक्दा पनि केपी सरकारले औपचारिकता बाहेक समस्या समाधान हुने गरि कुनै पहल गरेको छैन । यसले ओलीको राष्ट्रवादी मुकुण्डो च्यातिएको छ ।

कालापानी, लिपुलेक क्षेत्रमाथिको हस्तक्षेपबिरुद्ध हाम्रो संगठनद्वारा गत कार्तिक २४ गते काठमाडौंमा गरिएको बिशाल प्रदर्शनमा हाम्रो संगठनका ४२ जना नेताकार्यकर्तालाई जेल कोचियो, निर्मम यातना दिइयो र हालसम्म पनि सार्बजनिक अपराधको झुट्टा मुद्दा खेपिरहेका छन् । यसैबीच भारतीय अतिक्रमण झन बढेर गएपछि हाम्रो संगठन लिपुलेक, कालापानी बचाउ आन्दोलन पुनः जोडदार ढंगले उठाउन बाध्य भएको छ । बिश्वब्यापी कोरोना माहामारीको यस संकटपूर्ण परिस्थितिलाई मध्यनजर गर्दै देशको भूमि तथा नेपाल आमाको अस्मितामाथि परेको भारतीय साम्राज्यवादको नंग्रा उखेल्न हामी सबै देशभक्त तथा राष्ट्रप्रेमीहरुमा बिशेष अपील गर्दछौं ।

**संघर्षका कार्यक्रमहरुः**

बैशाख २७ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला जलाउने

बैशाख २८ गते लिपुलेक समेटिएको भारतीय नक्सा जलाउने

बैशाख २९ गते देशभक्त तथा राष्ट्रवादीहरु सहितको संयुक्त बिरोध प्रदर्शन

बैशाख ३० गते मशाल जुलुस

बैशाख ३१ देखि भारतीय नम्बर प्लेटका गाडीहरु सञ्चालनमा प्रतिबन्ध लगाउने ।

क्रान्तिकारीअभिबादन सहित

बैशाख २७, २०७७

.............

हर्कबहादुर बिक

संयोजक